# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७, संख्याः १२, मितिः २०८०/०४/३२

## भाग–२

## देवघाट गाउँपालिकाको आन्तरिक कार्यसंचालन निर्देशिका २०७९ (प्रथम संशोधन २०८०)

देवघाट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको आन्तरिक कार्यसंचालन निर्देशिका २०७९
# (प्रथम संशोधन २०८०)

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०४।३२
प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०४।३२

**प्रस्तावनाः** देवघाट गाउँपालिकाको आन्तरिक कार्यसंचालन निर्देशिका २०७९ संशोधन गर्न वाञ्छानीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को दफा ८ बमोजिम कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम देवघाट गाउँपालिकाको आन्तरिक कार्यसंचालन निर्देशिका, २०७९ (प्रथम संशोधन २०८०) रहेको छ।

(२) यो निर्देशिका देवघाट गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ।

२. **निर्देशिकाको दफा ४(१)(क) मा संशोधनः** निर्देशिकाको दफा ४(१) (क) मा रहेको रु. १५००।- को सट्टा रु. १०००।– राखिएको छ।

३. **मूल निर्देशिकाको दफा १४ को उपदफा (२) को खण्ड (छ) पछि देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ :**

तर पालिका भित्रका सम्बन्धित वडामा गई कार्यक्रम संचालन गर्दा कार्यक्रममा सहभागी हुन आउने सहभागीहरुलाई दूरीको आधारमा आतेजाते गर्दा लाग्ने न्यूनतम यातायात खर्च उपलब्ध गराउन सकिनेछ।

४. **मूल निर्देशिकाको परिच्छेद १० अन्तर्गत दफा १८ पछि देहायको दफा १८(क) र १८(ख) थप गरिएको छः**

**१८ (क) परिश्रमिकः** देवघाट गाउँपालिका, अध्यक्ष, उपाध्यक्ष, न्यायिक समिति, वडा कार्यालय, स्वास्थ्य संस्था, वडाध्यक्ष तथा अन्य पदाधिकारी समेतका विरुद्धमा विभिन्न अदालतहरुमा आइपर्ने मुद्दाहरुमा कानून बमोजिम अख्तियारी प्राप्त व्यक्तिले पदाधिकारीहरुको वारेस, कानून व्यवसायीको नियुक्ति गरी मुद्दा पुर्पपक्ष गर्दा आवश्यक कागजातको आधारमा वारेस, कानून व्यवसायीलाई नियमानुसार तपसील बमोजिमको पारिश्रमिक उपलब्ध गराइनेछ।

**तपसिल:**

| क्र.सं. | विवरण | जिल्ला अदालत | उच्च अदालत | सर्वोच्च अदालत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वारेस | १०००।- | २०००।- | ३०००।- | प्रति पटक |
| २ | मुद्दा मस्यौदा | १००००।- | १५०००।- | २००००।- | प्रति मस्यौदा |
| ३ | मुद्दा वहस | १५०००।- | २००००।- | २५०००।- | प्रति वहस |

**१८ (ख) आवास सुविधा :** देवघाट गाउँपालिका केन्द्र रहेको वडा वाहेक अन्य वडाहरुमा घर भई स्थायी वसोवास भएका गाउँपालिका अध्यक्ष, उपाध्यक्षका लागि आवास सुविधा उपलब्ध गराइनेछ । यसरी आवास सुविधा घर भाडा उपलब्ध गराउँदा लागत अनुमानका आधारमा मितव्ययी हुने गरी मासिक रुपमा उलब्ध गराइनेछ ।

अज्ञाले

**रमेश सुवेदी**

प्रमुख प्रशासकीय अधिकृत